फालेलुङ गाउँपालिका

# फालेलुङ राजपत्र

फालेलुङ गाउँपालिकाबाट प्रकाशित

खण्डः ८) थकेपुङ, पाँचथर, असार १८ गते, २०८२ साल (संख्याः ३

**भाग-१**

**फालेलुङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, थकेपुङ, पाँचथर**

कृषि तथा पशुपंछी व्यवसाय प्रवर्द्धन ऐन, २०८२

# फालेलुङ गाउँपालिकाको कृषि तथा पशुपंछी व्यवसाय प्रवर्द्धन ऐन, २०८२

**प्रस्तावनाः**

नेपालको संविधानप्रद्त्त किसान र समग्र नागरिकको खाद्य सम्बन्धी हकको सुनिश्चित र किसानको शसक्तिकरण गर्दै कृषि प्रणालिमा सुशासन कायम गर्न ,कृषिको दिगोपनाका लागी कृषि जमिनको सशक्त उपयोग गर्दै पर्यावरणमैत्री कृषि प्रणालिको प्रवर्द्धन हुनेगरी कृषिको व्यवसायिकरण मार्फत खाद्यान्न तथा दुध,अण्डा,माछा,मासुमा आत्मनिर्भरता र किसानको आर्थिक अवस्था सुधार गरी समृद्धि हाँसिल गर्न कृषि तथा पशुपंछी पेशाका लागी कृषि प्रसार,सेवा,सामग्री,सिंचाई र प्रविधि प्रभावकारी रूपमा उपलब्ध गराई कृषि उत्पादनको प्रशोधन,भण्डारण र बजारीकरण गरी कृषि उपजको उचित मुल्य र बजार पहुंचको सुनिश्चितताका लागी,नेपालको संविधानको अनुसुची ८ र स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिमका स्थानिय सरकारको अधिकार क्षेत्र भित्र पर्ने कृषि संग सम्बन्धित विषयहरूको प्रभावकारी कार्यान्यवन गर्ने उद्देश्यले आवश्यक कानुनी व्यवस्था गर्न नेपालको संविधानको धारा २२६ बमोजिम फालेलुङ गाउँपालिकाको गाउँसभाले यो ऐनको बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१ . संक्षिप्त नाम र प्रारम्भ ;** (१) यस ऐनको नाम " कृषि तथा पशुपंछी व्यवसाय प्रवर्द्धन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन फालेलुङ गाउँपालिकाको स्थानिय राजपत्रमा प्रकाशित भएको मितिबाट गाउँपालिका क्षेत्रभर लागु हुनेछ।

**२.परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **" कृषि"** भन्नाले बैधानिक रूपमा उत्पादन गरिने खेति तथा पशुपंक्षी ,मत्स्यपालनको उत्पादन,प्रशोधन,उपभोग र बजारीकरण समेतलाई जनाउँदछ।

(ख) " **करार खेती**" भन्नाले किसानले जमिन लिज वा भाडामा लिई गरिने कृषि कार्य सम्झनु पर्दछ र सो शब्दले कृषि व्यवसायी र कृषकविच करारनामा गरी गरिने कृषि उत्पादन र खरिद विक्री गर्ने कार्यलाई समेत जनाउँदछ।

(ग)"**कृषक**" भन्नाले यस ऐनको प्रयोजनको लागी कृषिलाई मुख्य पेशा व्यवसाय बनाई सोहि पेशाबाट जिविकोपार्जन गर्ने नागरिक सम्झनु पर्छ र सो शव्दले त्यस्तो नागरिकमा आश्रीत परिवारका सदस्य वा वर्षको छ महिना वा सो भन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने परम्परागत रूपमा कृषि औजार निर्माण गर्ने कृषक परिचयपत्र भएको मानिस सम्झनु पर्दछ।

(घ)**" कृषि योग्य भुमि "** भन्नाले कृषि प्रयोजनका लागी प्रयोग हुने, कृषिजन्य उत्पादन गर्ने वा प्रचलित कानुन बमोजिम कृषि कार्यका लागी निर्धारण गरिएको भुमि सम्झनु पर्दछ ।

(ङ) **" कृषि कार्य "** भन्नाले अनुसुची १ मा उल्लेख भए बमोजिमका विषयसँग सम्बन्धित कार्य सम्झनु पर्दछ सो शव्दले व्यवसायिक कृषिलाई समेत जनाउँदछ।

(च)**" कृषि फर्म**" भन्नाले व्यवसायिक प्रयोजनका लागी अनुसुची १ बमोजिमका कृषि उपज तथा उपभोग्य कृषि बस्तु उत्पादन, प्रशोधन,विक्रिवितरण र वजारिकरण समेतलाई जनाउँदछ।

(छ) "**कृषि वस्तु**" भन्नाले कृषि उपज साथै बोटविरूवा र पशुपंक्षीबाट उत्पादन हुने उपभोग्य बस्तु भन्ने सम्झनु पर्दछ सो शव्दले पुन प्रयोग गर्न सकिने औजार उपकरण तथा कच्चा पदार्थ समेतलाई जनाउँदछ।

(ज) " **कृषि पेशा**" भन्नाले कृषि तथा पशुपंक्षीपालन , प्रशोधन,उत्पादन,उपभोग र बजारीकरणका लागी समेत गरीने पेशा सम्झनु पर्दछ।

(झ) **कृषि व्यवसाय**" भन्नाले व्यवसायिक उद्देश्यले अनुसुची १ बमोजिमका क्रियाकलापमा संलग्न व्यवसायी सम्झनु पर्छ।

(ञ) **" कृषि बजार"** भन्नाले कृषि उपजको ग्रेडिङ,प्याकेजिङ ,ढुवानी,भण्डारण,वितरण तथा कृषि उपजको विक्रि वितरण गर्ने कृषि बजार सम्झनु पर्छ।

(ट) " **कृषि व्यापारी**" भन्नाले कृषि उपजको थोक तथा खुद्रा व्यापारिलाई सम्झनु पर्छ।

(ठ) "**खाद्य वस्तु**" भन्नाले जैविक स्रोतबाट प्राप्त साँस्कृतिक रूपमा स्वीकार्य ,प्रशोधित,अर्धप्रशोधित वा अप्रशोधित मानव उपभोग्य पदार्थ सम्झनु पर्छ र सो सब्दले त्यस्तो पदार्थको तयारी वा उत्पादनमा प्रयोग हुने कच्चा पदार्थलाई समेत जनाउँदछ।

(ड) "**खाद्य सुरक्षा** " भन्नाले स्वस्थ मानव जिवनयापन गर्न आवश्यक हुने खाद्यमा प्रत्येक व्याक्तिको भौतिक तथा आर्थिक पहुंचलाई जनाउँदछ।

(ढ) **"खुद्रा बजार**" भन्नाले कुनै विक्रेताले उपभोक्तालाई विक्रि गर्ने खुद्रा बजारलाई सम्झनु पर्छ।

(ण) **"तोकिएको"** भन्नाले यस ऐन र ऐन अन्तर्गत बनेका नियममा तोकिएको भन्ने सम्झनु पर्दछ।

(त) **"थोक बजार**" भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु वितरण गर्ने थोक बजारलाई सम्झनु पर्दछ।

(थ)"**विक्रेता**" भन्नाले कृषि वस्तुहरू विक्री गर्ने व्यापारी,कृषक,कृषक समुह,कृषि फार्म,सहकारी संस्था,कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनु पर्दछ।

(द) "**संकलन केन्द्र**" भन्नाले विक्रेताले दोश्रो बजारमा विक्रि गर्ने उधेश्यले छोटो समयको लागी कृषि उपज संकलन गर्न बनाईएको केन्द्रलाई सम्झनु पर्दछ।

(ध) " **हाट बजार "** भन्नाले कृषि तथा पशुपंछी उपज लगायतका अन्य स्थानिय कृषि तथा पशुजन्य उत्पादन विक्रि गर्ने उद्देश्यले स्थानिय तहबाट स्विकृत लिई संचालन भएको हाट बजारलाई सम्झनु पर्दछ।

(प) " **भुमिहिन**" भन्नाले फालेलुङ गाउँपालिकाको क्षेत्रभित्र स्थायी बसोवास गरी उसको र एकाघरको परिवारको सदस्यको नाममा नेपालभर दर्ता जग्गा नभई गाउँपालिकामा भुमिहिनका रूपमा अभिलेखमा नाम समावेश भएको व्याक्तिलाई सम्झनु पर्छ ।

(फ) **"निर्वाह मुखी खेति "** भन्नाले आफ्नो परिवारको लागी मात्रै आवश्यक पर्ने कृषि उपज उत्पादन गर्ने कृषि कार्यलाई जनाउँदछ।

## परिच्छेद २
## किसान र कृषि सम्बन्धी मार्गनिर्देशक सिद्धान्त र नीतिहरू

**३. किसान र कृषि सम्बन्धी मार्गनिर्देशक सिद्धान्तः** (१) फालेलुङ गाउँपालिकाले किसान र कृषि क्षेत्रका सम्बन्धमा देहाय बमोजिमका मार्गनिर्देशक सिद्धान्तहरूको अवलम्वन गर्नेछ।

(क) फालेलुङ गाउँपालिकामा रहेका कृषि,पशुपंक्षीपालन सम्बन्धी परम्परागत तथा पर्यावरणमैत्री ज्ञान,सिप तथा प्रथाजनित एंव सांस्कृतिक अभ्यास र पर्यावरणमैत्री कृषि प्रणालिको संरक्षण र प्रवर्द्धन गरिनेछ।

(ख) कृषि क्षेत्र तथा कृषि भुमिमा कृषक र भुमिहिन किसानहरूको समेत पहुंच र स्वामित्व सुनिश्चित गरी न्यायपुर्ण आर्थिक अवस्थाको सिर्जना गरिनेछ।

(ग) स्थानिय विउ तथा प्रजातिहरूको संरक्षण तथा प्रवर्द्धन गर्दै उन्नत वा वर्णसंकर सोही प्रजाति तथा विउहरूको प्रयोगमा जोड दिंदै, यस गाउँपालिकालाई रासायनिक विषादि तथा रासायनिक मल बाट हुने उत्पादनलाई निरूत्साहित गर्दै प्राङगारिक तथा जैविक मल प्रयोग कार्यान्वयन गर्दै लगिनेछ।

(घ) कृषि तथा पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भर पालिकाको रूपमा विकास गर्ने र निर्यात गरी आर्थिक उपार्जन गर्ने नितिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै लगिनेछ।

(ङ) अर्थतन्त्रको मेरूदण्डको रूपमा रहेको कृषि पेशालाई मर्यादित,सम्मानित र व्यवसायिक आकर्षक पेशाको रूपमा स्थापित गर्न साथै "**स्थानिय बेरोजगारः कृषिबाटै रोजगार**" भन्ने मुल उद्देश्यका साथ स्थानिय स्तरमा रहेका वेरोजगारहरूलाई आफ्नै खेतबारीमा कृषि पेशाको माध्यमबाट रोजगारी सिर्जना गर्ने गरी विशेष कार्यनिती लागु गरिनेछ ।

(च) गाउँपालिका भित्र संचालन मा रहेका व्याक्तिगत व्यवसायिक फर्म, सामुहिक फर्म, कृषक समुह तथा कृषि सहकारीहरूको अभिलेखीकरण गरी गाउँपालिकाको कृषि क्षेत्रलाई सबैको साझा सरोकारको विषयका रूपमा स्थापित गर्दै , विउविजन,औजार,उपकरण, प्रविधि सहितको प्राविधिक सेवा, सेवा विस्तार र उत्पादनमुखी लागत साझेदारीका अनुदान कार्यक्रमहरू संचालन गर्दै लगिनेछ।

(छ) फालेलुङ गाउँपालिकालाई हावापानी र भौगोलिक अवस्थाको आधारमा विभिन्न कृषि वालि उत्पादन सम्भावना, र सम्भाव्यताको खोज गरी रैथाने वालि संरक्षण गर्ने गरी कार्यनिति सहितको कृषि प्रोफाईल बनाईनेछ र सोही अनुसारका कृषिलाई विशेष प्राथामिकता दिईनेछ।

(२) दफा ३(१) मा भएको व्यवस्थाहरूलाई क्रमश कार्यान्वयन गर्दै लगिनेछ।

## परिच्छेद ३
## कृषि बजार आधारभुत विवरण व्यवस्थापन

**४. कृषि तथ्याङ्क संकलन**ः (१) किसान र कृषिका देहाय बमोजिमका विवरण सहितको तथ्याङ्क संकलन गरी अभिलेखिकरण गरिनेछ।

(क) किसान तथा भुमिहिन किसानहरूको संख्या।

(ख) व्याक्तिगत फर्म,सामुहिक फर्म,कृषक समुह,सहकारी र कृषि बस्तु विक्रिवितरण गर्ने अन्य विक्रेताको अवस्था।

(ग) खेतियोग्य जमिन,सिंचित क्षेत्रफल साथै विभिन्न पशुपंक्षी तथा मत्स्यपालन सम्बन्धी विवरणहरू।

(घ) विभिन्न रैथाने वालि ,उत्पादन,प्रशोधन ,भण्डारण र बजारिकरण को अवस्था सम्बन्धी विवरणहरू।

(ङ) विभिन्न वालि तथा खेतिहरूको उत्पादन,प्रशोधन ,उपभोग र बजारीकरण भई रहेका र हुन सक्ने कृषि उपजहरूको विवरणहरू संकलन।

(च) पशुपंक्षीपालनको अवस्था पशुपंक्षीपालन तथा मत्स्यपालनको अवस्था दुग्ध तथा माछा, मासु ,अण्डा आदिको उत्पादन र तिनिहरूको अवस्था।

(छ) कृषिजन्य पुर्वाधार (सिंचाइ ,शीत भण्डार,कृषिमल तथा खाद्य प्रशोधन,ढुवानी वा कृषि सडक) आदिको अवस्था।

(ज) कृषि तथा पशुपंक्षीको सेवा क्षेत्र ,विस्तार गर्न सकिने क्षेत्र साथै कृषि तथा पशुपंक्षी विमा, प्राङ्गारिक तथा अर्गानिक कृषि उत्पादनमा संलग्न किसानको संख्या र पहुंच विस्तारको अवस्था सम्बन्धी विवरणहरू।

(झ) कृषिमा नियमित अनुगमन,निरिक्षण,पृष्ठपोषण तथा कृषि शिक्षा ,मागमा आधारित कृषि प्रविधिको तालिम तथा प्रसारको लागी जनशक्तिको अवस्था।

(ञ) गाउँपालिका भित्र कृषक परिचयपत्रको अवस्था र समावेश गर्न वाँकि रहेका कृषकहरूको विवरण संकलन।

(ट) गाउँपालिकाको आफ्नै तथ्याङ्क, ५ बर्षमा १ पटक कृषि तथा पशुपंक्षी गणना गरी कृषि प्रोफाईल तयार गर्ने।

**५. कृषि तथ्याङ्कको विश्लेषण र प्रचारप्रसार**ः(१) दफा ५ बमोजिमको तथ्याङ्क तथा विवरण तयारी,विश्लेषण र प्रकासन गर्दा किसानहरूको समेत प्रतिनिधित्व,सहभागितामुलक विधिको अवलम्बन गर्नुपर्नेछ।

(२) कृषि तथ्याङ्कलाई प्रत्येक ५ बर्षमा अद्यावधिक गर्दै लगिनेछ।

(३) कृषि तथ्याङ्क संकलन,विश्लेषण तथा अद्यावधिक गर्ने कार्यमा ,नेपाल सरकार,प्रदेश सरकार लगायतका सम्बन्धित कार्यालयहरू,कृषि सहकारी संस्था र कृषि उद्यमी कृषि व्यवसायिको सहयोग लिन सकिनेछ।

(४) गाउँपालिकाले विभिन्न आवाधिक योजना तर्जुमा गर्दा वा कृषि सम्बन्धित कार्यक्रम तयारी गर्न कृषि तथ्याङ्कलाई मुख्य दस्तावेजका रूपमा लिन सकिनेछ।

## परिच्छेद ४
## किसान पहिचान, वर्गिकरण, संरक्षण र सशक्तिकरणसम्बन्धी व्यवस्था

**६. किसानको पहिचानः** (१) फालेलुङ गाउँपालिकाले कृषि कार्यमा संलग्न किसानको तोकिए बमोजिम गणना गरी पहिचान गर्नेछ।

(२) कानुन बमोजिम कृषकहरूलाई कृषक परिचयपत्र वितरण गरिनेछ।

**७. किसानको बर्गिकरणः** (१) गाउँपालिकामा रहेका भुमिहिन किसान, सिमान्तकृत किसान, पारिवारिक खेतिको रूपमा निर्वाहमुखी खेति गर्दै आएका कृषि किसानहरूको कानून बमोजिम पेशागत व्यवसायलाई सुनिश्चित हुनेगरी वर्गिकृत गरिनेछ।

(२) कानून बमोजिम कृषक परिचयपत्र प्राप्त कृषकहरूलाई कृषि व्यवसायको प्रकृति हेरी त्यसै अनुसारको उत्पादनमुखी व्यवसायलाई कानून बमोजिम, विमा, सहुलियत, कृषि धितो र अनुदान साथै अन्य तोकिए बमोजिमको सुविधा प्रदान गरिनेछ ।

**८. कृषक समुह गठन र संचालनः** (१) यस ऐन अन्तर्गत गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेका वा संचालन हुने कृषक समुहहरूको व्यवस्थित संचालन , अभिलेखिकरण, दर्ता, नविकरण तथा खारेजि यस ऐन अन्तर्गत तोकिने कानून वमोजिम हुनेछ।

**९. कृषि तथा पशुपंक्षी सहकारी संस्थाः** (१) प्रचलित संघीय कानून,प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ।

**१०.किसानको संरक्षण र सशक्तिकरणः** (१) किसानको क्षमता विकास , संस्थागत विकासका लागी गाउँपालिकाले कृषक,कृषक समुह,कृषि तथा पशुपंक्षी सहकारीहरूलाई लघु कृषि उद्धम मार्फत सशक्त बनाउँदै लगिनेछ।

(२) निति तथा कार्यक्रमहरूको तर्जुमा गर्दा गरिब तथा विपन्न ,भुमिहिन सिमान्तकृत र साना किसान ,कृषि श्रमिक कार्यमा संलग्न विपन्न नागरिक विशेष कृषि कार्यक्रम संचालन गरिनेछ।

(३) भुमिहिन तथा सिमान्तकृत किसानलाई कृषि कार्य नगर्ने व्याक्ति हरूको जग्गा जमिन भाडामा लिई करारनामा गराई खेति योग्य जमिन को पहुंचमा संलग्न गराउन सकिनेछ।

(४) अधिया वा बटैया खेति प्रणालिलाई कगल समयाअनुकुल प्रत्यक्ष संलग्न कृषकको हित संरक्षण गर्दै लगिनेछ।

(५) गाउँपालिका भरी श्रमको सम्मानका साथमा कृषि श्रमिकहरूको पनि दैनिक पारिश्रमिक र सेवा सुविधा निर्धारण गर्न सकिनेछ।

(६) कृषकहरूका लागी क्षमता र तह अनुसारको विविध प्रकारका कृषि तथा पशुपालन सम्बन्धी प्रविधिमा पहुंच सुनिश्चितताका लागी क्षमता विकासका कार्यक्रम नियमित रूपमा सञ्चालन गरिनेछ।

(७) कृषि उत्पादन हरूको उत्पादित बस्तुको बजार मुल्य सुचना प्रणालिलाई व्यवस्थित गर्दै लगिनेछ।

(८) कृषि फर्म,कृषक समुह,कृषि सहकारीहरू तोकिए बमोजिम गठन,दर्ता ,नविकरण र खारेजिका लागी सरल बनाई गाउँपालिकाले गरिने कृषि कार्यक्रमहरूमा विशेष प्राथामिकतामा राखी कार्यक्रम संचालन गरिनेछ।

(९) सबै कृषकहरूको समस्यामा अनिवार्य प्राविधिक सेवाको सुनिश्चितताको लागि जनसक्ति व्यवस्थापन तथा परिचालन र मापदण्डहरूको व्यवस्थापन गर्नुपर्नेछ।

(१०) कृषक परिचय पत्र प्राप्त व्याक्ति,संस्था,लक्षित कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ साथै गाउँपालिकामा रहेका कृषकहरूलाई विशेषत उत्पादनमा आधारित सहुलियत,प्रोत्साहन,अनुदान लगायत पुरस्कृत गर्ने कार्यनिति बनाईनेछ ।

## परिच्छेद ५
## कृषियोग्य जमिनको वर्गिकरण,संरक्षण र उपयोग सम्बन्धी व्यवस्था

**११.भुमिको वर्गिकरणः** (१) नेपाल सरकारको भु-उपयोग ऐन २०७६ समेतलाई आधार मानि भु -बनोट,क्षमता,उपयुक्तता र उपयोग समेतका आधारमा कृषि भुमिको संरक्षण र सदुपयोग हुनेगरी आफ्नो भुमिलाई नक्शाङकन सहित देहाय बमोजिमको भु -उपयोग क्षेत्रमा बर्गिकरण गरिनेछ।

(क) कृषि भुमी

(ख) आवासिय क्षेत्र

(ग) व्यवसायिक क्षेत्र

(घ) औधोगिक क्षेत्र

(ङ) खानी तथा खनिज क्षेत्र

(च) वन क्षेत्र

(छ) पानि,मुहान,नदिनाला,ताल तलैया,सिमसार क्षेत्र

(ज) सामुदायिक,सार्वजनिक उपयोग र खुला तथा चरण क्षेत्र

(झ) साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र

(ञ) निर्माण सामाग्रि उत्खनन् क्षेत्र(ढुङगा,वालुवा,गिटी)

(२) भुमिको वर्गिकरण सम्पन्न पश्चात सम्बन्धित क्षेत्र स्पस्ट हुनेगरी विवरण गाउँपालिकाको राजपत्रमा प्रकाशित गरिनेछ,साथै वडा कार्यालय तथा विभिन्न संचार माध्ययमबाट पनि प्रचार प्रसार गरिनेछ ।

(३) अन्य भुमि तथा भुमि सम्बन्धित निति नेपाल सरकार,प्रदेश सरकारसँग समन्वय गरी तोकिए अनुसार हुनेछ।

**१३.कृषि भुमि व्यवस्थापन समितिः** (१) गाउँपालिकाको क्षेत्रभित्र रहेको कृषि खेति योग्य जमिनको संरक्षण र व्यवस्थापन गर्न गाउँपालिका कृषि भुमि व्यवस्थापन समिति गठन गर्न सकिनेछ।

(क) अध्यक्ष- संयोजक

(ख) आर्थिक विकास संयोजक- सदस्य

(ग) कृषक महासंघका अध्यक्ष/प्रतिनिधि -सदस्य

(घ) कृषि तथा कृषि विज्ञहरूबाट मनोनित १ सदस्य- सदस्य

(ङ) कृषि तथा पशुपंक्षी विकास शाखाका प्रमुख/प्रतिनिधि-सदस्य

(च) कृषि सहकारीबाट छनौट भएका १ जना- सदस्य

(छ) (समावेशिताका आधारमा) मनोनित उत्कृष्ठ कृषक – ३ जना-सदस्य

(ज) प्रमुख प्रशासकिय अधिकृत- सदस्य

(झ) कृषि तथा पशुपंक्षी विकास शाखाको अधिकृत- सदस्य सचिब

(२) समितिले आवश्यकता अनुसार आमन्त्रित सदस्यका रूपमा राख्न सक्नेछ र समितिको बैठक आवश्यकता बमोजिम बस्नेछ।

(३) समितिको बैठक सम्बन्धि कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुने साथै समितिको कार्यालय गाउँपालिका कृषि तथा पशुपंक्षी विकास शाखा अन्तर्गत रहनेछ।

(४) समितिले आवश्यकता अनुसार उप – समिति तथा वडा तहमा समेत समिति बनाउन सक्नेछ।

**१४.कृषि भुमि व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः** कृषि भुमि व्यवस्थापन समितिको काम ,कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

(१) गाउँपालिकाको कृषि वस्तुस्थिति विवरण तथा तथ्याङक अभिलेख प्रकाशन गर्ने।

(२)गाउँपालिका क्षेत्र भित्र रहेको कृषि योग्य जमिनको दिगो व्यवस्थापन,सदुपयोग,बाँझो जमिन को उपयोग सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न लगाउने।

(३) नेपाल सरकार र प्रदेश सरकारबाट लागु गरिएका कानुन र कानुन बमोजिम प्राप्त भएका कृषि कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने,गराउने।

(४) कृषियोग्य जमिनको खण्डिकरण रोक्ने,चक्लावन्दी खेति र प्रविधिलाई सहुलियत अपलब्ध गराउन सुझाव दिने।

(५)कृषि योग्य जमिनमा कृषि उत्पादन गर्न आवश्यक निति तथा कार्यक्रम ,योजना तर्जुमाका लागी सल्ला सुझाव प्रदान गर्ने।

(६) वन क्षेत्र बाहेक अन्य जग्गाजमिनलाई पनि कृषियोग्य जमिनमा परिणत गर्न भु उपयोग परिषदमा सिफारिस गर्ने।

(७) भुमिहिन र विपन्नलाई भुमि तथा कृषिमा पहुंच स्थापनाका लागी योजना तयार गर्ने।

**१५.कृषि भुमिको संरक्षण र उपयोग:** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र तोकिएका कृषि भुमिको संरक्षणकालागी देहाय बमोजिमका कार्यक्रम संचालन गर्नेछ।

(१) कृषि भुमिलाई अन्य प्रयोजनका लागी प्रयोगमा निरूत्साहित गर्ने।

(२) उत्पादन र उत्पादकत्व,हावापानी सुहाउँदो वालि उत्पादन, प्रतिकुल असर पार्ने कुनैपनि किसिमका विषादि तथा रासायनिक मल प्रयोगलाई निरूत्साहित गर्दै अर्गानिक तथा प्राङगारिक मल,जैविक विषादि प्रयोगमा प्रविधि हस्तान्तरण गर्ने।

(३) पर्यावरणिय,कृषिलाई प्रवर्द्धन गरी कृषि पर्यापर्यटनको समेत विकास गर्न सकिनेछ।

(४) कृषि भुमिलाई बाढी,पहिरो तथा नदिनाला कटान जोगाउन क्षयिकरण रोक्न र पानिको उपयुक्त निकास सँगै तटबन्ध तथा गल्छी निर्माण ,भिरालो जमिनमा गराखेति,कृषि वन प्रणालिलाई समेत अभिबृद्धि गरी गरा सुधार को कार्यक्रम लागू गर्न सकिनेछ।

(५) कृषि जमिन क्षति पुग्ने गरी संचालित आयोजनाहरूलाई स्विकृत वातावरणिय अध्ययन प्रतिवेदनका आधारमा क्षति भएको जमिनको पुनर्स्थापना गर्न सकिनेछ।

(६) शुन्य बाँझो जमिन को अवधारणा र कार्यनिति विकास गर्न सकिनेछ।

(७) कृषि भुमि व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम बाँझो जग्गा नराखी उत्पादन बढाउन आवश्यक प्रवन्ध मिलाउन सकिने साथै आफ्नो भुमिमा आफैले कृषि खेति गर्न नसक्ने वा खेति नगर्ने जग्गावालाहरूलाई भु स्वामित्वमा असर नपुग्ने गरी गाउँपालिका तथा वडा कार्यालयले सुचना प्रकाशन गरी उक्त जग्गाहरू भाडामा लिई भुमिहिन र विपन्न लक्षित कृषि खेति विस्तार गर्न सकिनेछ।

(८) भाडादर तोकिए बमोजिम हुनेछ,भाडादर निर्धारण गर्दा जग्गाको उर्वराशक्ति,सिंचाई अन्य पुर्वाधारहरूको अवस्था हेरी भुमि व्यवस्थापन समिति समेतको सुझाव बमोजिम कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

**१६.करार खेति सम्बन्धि व्यवस्था:**(१) आंफै खेति गर्न नसक्ने जग्गा धनिले दफा १५ बमोजिम निर्धारित भाडादरमा करार खेति गर्न इच्छुक कृषक वा कृषक समुहलाई खेति गरी कृषि उत्पादन वा पशुपंक्षी जलचर पालनकालागी अनुसुची २ अनुसारका करारनामा उपलब्ध गराउन सकनेछ।

(२) करारमा कृषि खेति गर्ने प्रयोजनका लागी जग्गाधनि र उपयोग गर्न चाहने कृषक विच तोकिएको भाडादरमा आपसि समझदारिमा वडा कार्यालयमा गई सम्झौता गर्न सकिनेछ।

(३) अधिया र बटैया प्रथालाई निरूत्साहित गर्दै बैज्ञानिक र करार व्यवसायिक खेति तर्फ कृषिलाई आकर्षित गरिनेछ।

(४) अन्य भुमि सम्बन्धि प्रयोग तोकिए बमोजिम तथा सम्झौता अनुसार हुनेछ।

**१७.सार्वजनिक कृषियोग्य भुमिको उपयोग:** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र कुनै उपयोगमा आउन नसकि बाँझो रहेको कृषि उपयोगका लागी योग्य रहेको सार्वजनिक जमिनलाई जमिनको स्वामित्व रहेको निकाय वा संस्था र किसानविच न्युनतम भाडादर लिनेदिने शर्तमा करार गरी कृषि प्रयोजनकालागी कृषक वा कृषक समुहलाई उपलब्ध गराउन समन्वय र सहकार्य गर्न सक्नेछ।

(२) भाडादर सम्बन्धी मुख्य समन्वय कृषि भुमि व्यवस्थापन समितिको हुनेछ।

**१८.सामुहिक खेतिः** (१) स्वतःस्फुर्त कानून बमोजिम गठित विपन्न कृषक तथा कृषि समुह तथा सहकारीहरूलाई सामुहिक खेति गर्न कृषि भुमि व्यवस्थापन समितिले जमिनको खोजी गरी जमिन उपलब्ध गराउन सक्नेछ ।

(२) सामुहिक खेतिबाट उत्पादित कृषि उपज र सोको विक्रि वितरणमा प्राप्त लाभमा कर लगाउन सक्नेछ ।

(३) सामुहिक खेतिका लागी गाउँपालिकाले विभन्न रूपमा सहुलियत उत्पादनमा आधारित रही उपलव्ध गराउन सक्नेछ ।

## परिच्छेद ६

## सिंचाई ,बिउबिजन,मलखाद तथा किटनाशक विषादी सम्बन्धी व्यवस्था

**१९. सिंचाईको प्रवन्ध गर्नेः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका खेतियोग्य कृषि भुमिमा सतह सिंचाई वा लिफ्ट सिंचाई वा अन्य प्रविधिको प्रयोग गरी आवश्यकता अनुसार सिंचाईको प्रवन्ध गर्नेछ ।

(२) गाउँपालिकाको आफ्नो श्रोतले सम्पन्न गर्न नसक्ने योजनाहरूको डि.पि.आर तयार गर्न बजेट व्यवस्था गर्ने र नेपाल सरकार तथा प्रदेश सरकारसँग बजेट व्यवस्थापनका लागी आवश्यक समन्वय र सहकार्य गर्न सक्नेछ ।

(३) सिंचाई सुविधाका लागी पुर्वाधार विकासमा स्थानिय कृषकहरूको साझेदारी अनिवार्य हुनुपर्ने साथै समय समयमा सरसफाइ तथा सामान्य निर्माणको काम स्थानिय उपभोक्ता समिति तथा श्रमदानका माध्ययमबाट गर्न सकिनेछ ।

(४) सतह सिंचाई हुन नसक्ने कृषि भुमिमा विद्युत तथा सौर्य उर्जाको प्रयोगबाट लिफ्ट सिंचाई वा अन्य आधुनिक र विकसित जस्तै (थोपा सिंचाई ) लगायतका तरिकाबाट पनि सिंचाई सुविधा उपलब्ध गराउन सकिनेछ ।

(५) गाउँपालिकाले सिंचाई सुविधाका लागी उठेको विद्युत महशुलमा विशेष सहुलियत प्रदान गर्न सक्नेछ ।

**२०. विउविजन मलखाद किटनासक विषादिको उपलब्धताः** (१) गाउँपालिकाले कृषिका लागी आवश्यक विउविजन स्थानिय स्तरमै उत्पादन ,भण्डारण गर्नका लागी प्राविधिक तथा सहुलियत उपलब्ध गराउन सक्नेछ र रैथाने विउविजनहरूको उत्पादन क्षेत्र समेत निर्धारण गरी कार्यक्रमहरू लागु गर्न सक्नेछ ।

(२) सामुदायिक स्तरमा विउ बैंकको स्थापना समेत गर्न सक्ने साथै विउ विजनको उत्पादन तथा भण्डारण र प्रयोग सम्बन्धी अभिलेख गरी नेपाल सरकार र प्रदेश सरकारका जिन बैंक विच समन्वय गरी स्थानिय परम्परागत ज्ञानको संरक्षण गर्दै रैथाने प्रकृतिका वालि तथा पशुपंक्षीको संरक्षणका लागी समन्वय गर्न सक्नेछ ।

(३) कृषिमा प्रयोग हुने मलखाँद आपुर्तिका लागी प्राङ्गारिक मल उत्पादन ,उपयोग गर्नका साथै जैविक विषादिको उत्पादन तथा उपयोगमा प्रथामिकता दिनेगरी श्रोत साधन र प्रविधि र जनशक्तिको व्यवस्था गर्नेछ ।

(४) गाउँपालिकाले आवश्यक पर्ने थप विउ विजन तथा मलखाँद र किटनाशक विषादी आयात,भण्डारण तथा विक्रिवितरण गर्नुपर्ने परिस्थिति सिर्जना भएको खण्डमा गाउँकार्यपालिकाको निर्णयले तोकिए बमोजिम कृषि शाखा तथा कृषक समुह सहकारी बाट हुनेछ ।

(५)मानव स्वास्थ्य,पशुपंक्षी,जलचरको स्वास्थ्यमा असर पार्ने र कृषि उत्पादन तथा माटोको उर्वराशक्तिमा ह्रास ल्याउने खालका विषादिहरूलाई सुचना प्रकाशन गरी पुर्ण रूपमा बन्द गर्न सकिनेछ ।

(६) रासायनिक मल र विषादिको निरूत्साहनका लागी प्राङ्गारीक जैविक मल तथा जैविक विषादिको प्रयोगका लागी विशेष कार्यनीति लागु गर्न सक्नेछ ।

(७) विभिन्न कृषिसँग सम्बन्धित विउविजन तथा घाँसे वालिसँग सम्बन्धित बीउविजनहरू उत्पादन तथा वितरणमा गाउँपालिकाले एक वडा एक तोकिएको बिउविजन उत्पादन कार्यक्रम स्थानिय कृषक समुह र सहकारीको माध्ययबाट संचालन गर्न सक्नेछ ।

(८) गुणस्तरहिन विउविजनहरू विक्री तथा प्रयोगमा रोक लगाउने साथै गाउँपालिकाभित्र संचालनमा रहेका बीउविजन ,मलखाँद,रसायनिक विषादि अनाधिकृत रूपमा विक्रिवितरण गर्ने क्रियाकलापलाई नियमित अनुगमन गरी अनुगमनमा कमजोरी भेटिएमा दण्ड,जरिवाना तथा आवश्यक कार्वाहीका लागी सिफारिस समेत गर्न सक्नेछ ।

**२१.सामुदायिक बीउ बैंक स्थापना गर्न सकनेः** (१) गाउँपालिकाले एकल वा सामुहीक रूपमा पर्यावरण र जलवायुमैत्री किसिमको सामुदायिक बीउ बैंक स्थापना र संचालन समुह तथा सहकारी मार्फत गर्न सकनेछ ।

(२) सामुदायिक बीउ बैंक स्थापना संचालन गर्न चाहने कृषक,कृषक समुह,सहकारीहरुलाई गाउँपालिकाले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) स्थापना भएका बीउ बैंकहरूको प्रगति चौमासिक रूपमा गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

(४) सामुदायिक बीउ बैंक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ७

## कृषिसम्बन्धी सुचना,प्राविधिक ज्ञान सिप सम्बन्धी व्यवस्था

**२२.कृषि सम्बन्धी सुचनामा पहुंचः** (१) गाउँपालिकाले कृषि तथा पशुपंक्षी प्राविधिक जनशक्तिको व्यवस्थापन गरी कृषि सिकाई केन्द्रको रूपमा वडाहरुमा पनि सेवा विस्तार गर्नेछ साथै जलवायु परिवर्तन,जलवायु बुलेटिन,मौसमी पात्रो तथा गाउँपालिकाबाट हुने नियमित कृषि तथा पशुपंक्षी क्षेत्रका गधिविधिमा कृषकको सहज पहुंचका लागी गाउँपलालिकाको वेवसाईट,सुचना पाटी,स्थानिय रेडयो,टेलिभिजन र सामाजिक संजालको प्रयोग गरी सबै कृषकलाई सुचनाको पहुंचमा समावेश गर्नेछ र संचार माध्ययमहरूबाट प्रशारित सुचनाहरू स्थानिय मातृभाषाको समेत प्रयोग गरी विश्वासनिय र पारदर्शि सुचनाको सुनिश्चित गर्दै लगिनेछ ।

(३) सुचनाको प्रविधि सँगै विकास हुंदै गईरहेका विभिन्न प्रविधिहरूको समेत प्रयोग गरी सुचना समयमै उपलब्ध गराउन गाउँपालिकाले त्यस्ता प्रकृतिका सुचना प्रसारणका माध्यमहरूको अनुसरण गर्नेछ ।

**२३.कृषक पाठशाला,किसान चौतारी स्थापना गर्न सक्नेः** (१) कृषकको ज्ञान सिप तथा क्षमता विकासको लागी प्रत्येक वडामा १ वटा कृषक पाठशाला स्थापना गरी संचालन गर्न सक्नेछ ,कृषक पाठशाला संचालन तोकिए बमोजिम हुनेछ ।

(२) गाउँपालिकाले आधुनिक कृषि ज्ञान सिप आदानप्रदान गर्न टोलस्तरमा किसान चौतारिको स्थापना गरी प्राविधिक सहित महिनाको १ दिन छलफल बारको रूपमा विकास गर्न सक्नेछ

(३) किसानहरूलाई उत्प्रेरित गर्न गाउँपालिकाले बर्षको १ पटक कृषि तथा पशुपंक्षी मेला,प्रर्दशनी र व्यापार मेलाको आयोजना गरी तोकिए अनुसार संचालन गर्न सक्नेछ ।

## परिच्छेद ८

## कृषि व्यवसाय प्रवर्द्धनका लागि वित्तीय प्रोत्साहन सम्बन्धी व्यवस्था

**२४.कृषि व्यवसायको किसिमः** गाउँपालिका क्षेत्रभित्र व्यवसायिक उद्देश्यले गरिने देहाय बमोजिमका कार्यलाई कृषि व्यवसाय रूपमा लिईनेछ ।

(क) कृषि वालि वा वस्तुको उत्पादन ।

(ख) कृषिजन्य वस्तुको प्रशोधन तथा विविधिकरण

(ग) कृषि उपजको व्यापार

(घ) कृषि उत्पादनका लागी प्रयोग हुने प्राङ्गारिक मलको उत्पादन,भण्डारण तथा वितरण

(ङ) कृषि उत्पादनको लागि प्रयोग हुने कृषि औजार ,बीउ ,बेर्ना,नश्ल र भुराको उत्पादन, परामर्श सेवा,भण्डारण तथा वितरण

(च) कृषिमा प्रयोग हुने प्राङ्गारिक ,जैविक मल तथा जैविक विषादिको उत्पादन,परामर्श,भण्डारण तथा विक्रि व्यवसाय ।

(छ) पशु बधस्थल,मासुजन्य वस्तु विक्रिवितरण,दुग्धजन्य पदार्थ उत्पादन तथा विक्रिवितरण ।

**२५. कृषि व्यवसायको प्रवर्द्धन गर्न सकिनेः** कृषि पशुपंक्षी  सम्बन्धी व्यवसाय प्रवर्द्धनका लागी गाउँपालिकाले देहाय बमोजिमका कार्यहरू गर्न सक्नेछ ।

(क) आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरी बजेट विनियोजन गर्ने ।

(ख)कृषकलाई सहुलियत दरमा रिण उपलब्ध गराउन र कृषिकर्जाको ब्याज अनुदान उपलब्ध गराउन वितिय संस्था र अन्य निकायमा सिफारिस गर्ने ।

(ग) बर्षै भरीमा उत्कृष्ठ कृषक,कृषक समुह,कृषि सहकारीहरूलाई तोकिएको मापदण्ड अनुसार नदोहोऱ्याईकन छनौट गरी पुरस्कृत गर्नेछ।

(घ) कृषि व्यवसाय प्रवर्द्धनका लागि नेपाल सरकार,प्रदेश सरकार ,कृषिसम्बन्धी नागरिक समाज र व्यवसायिक क्षेत्रसँग नियमित रूपमा समन्वय र सहकार्य गर्ने।

**२६. कृषि /पशुपंक्षी,जलचर फर्म स्थापना र संचालनः** (१) गाउँपालिकाले कृषि तथा पशुपंक्षी क्षेत्रको व्यवसायिकरणका लागी कृषि तथा पशुपंक्षी फर्म स्थापना र संचालन गर्न चाहने किसान, कृषक समुह,पशुपालक समुह,कृषि तथा पशुपंक्षी सहकारी संस्था वा अन्य व्यवसायिक किसानलाई आवश्यक सहजिकरण गर्नेछ।

(२) कृषि तथा पशुपंक्षी पालन फर्म,कृषक समुह,सहकारीले अनिवार्य रूपमा तोकिए बमोजिम गाउँपालिकामा व्यवसाय दर्ता गर्नुपर्नेछ।

(३) कृषि तथा पशुपंक्षी ,मत्स्य फर्म स्थापना तथा संचालन गर्दा वातावरण संरक्षणसम्बन्धी तथा प्रचलित कानुनले तोकेका वातावरणीय दायित्व पुरा गरी मात्रै फर्म स्थापना तथा संचालन गर्नुपर्नेछ।

(४) कृषि तथा पशपंक्षी फर्म वा व्यवसायको अन्य जुनसुकै निकायमा दर्ता भएपनि कानुन बमोजिम गाउँपालिकामा अनिवार्य अभिलेखिकरण,दर्ता र नविकरण गर्नुपर्दछ।

(५) फर्म दर्ता ,नविकरण,खारेजी सम्बन्धी व्यवस्था कानूनमा तोकिए बमोजिम हुनेछ।

**२७.कृषकहरूलाई अनुदान, छुट सुविधा दिन सकिनेः** (१) गाउँपालिकाले कृषि,पशुपंक्षी,जलचर पालनमा संलग्न भुमिहिन र विपन्न किसान,सिमान्त किसान,साना किसान तथा महिला किसान हरूलाई कृषिमा ढुवानी छुट,अनुदान सुविधा,सहुलियत,यान्त्रिक,प्रविधी,विमा,लगायत अन्य सेवा सुविधाका साथै व्याक्तिगत आयकरमा वा निकासिमा छुट सुविधा उपलब्ध गराउन सक्नेछ।

(२) यसरी छुट सुविधा उपलब्ध गराउन किसानको वर्गिकरण सहितको परिचयपत्रलाई मुख्य आधार मानिनेछ।

(३) अन्य सुविधा तथा सहुलियत तोकिए बमोजिम हुनेछ।

**२८.अनुदान सिफारिस तथा अनुगमन समितिः**(१) कृषि तथा पशुपंक्षी,जलचर व्यवसाय प्रवर्द्धनका लागी देहाय बमोजिमको एक अनुदान सिफारिस तथा अनुगमन समिति गठन हुनेछ।

(क) आर्थिक विकास समितिको अध्यक्ष -संयोजक

(ख) राष्ट्रिय कृषक समुह महासंघको स्थानिय प्रतिनिधि-सदस्य

(ग) कृषि तथा पशुपंक्षी व्यवसायिहरूको तर्फबाट एक जना महिला सहित दुई जना प्रतिनिधी-सदस्य

(घ) एक जना महिला सहित दुई जना कृषक प्रतिनिधि-सदस्य

(ङ) कृषि तथा पशुपंक्षी विकास शाखाको प्रमुख- सदस्य सचिव

(२) प्रदान गरिने अनुदानका लागी कृषक छनौट ,अनुदान रकमको सीमा निर्धारण ,अनुदान प्रदान गर्ने विधि प्रकृया र सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) उपदफा १ बमोजिमको समितिले अनुदान उपयोगको अवस्था र सुधार गर्नुपर्ने विषय समेटी वार्षिक रूपमा प्रतिवेदन तयार गरी सभामा पेश गर्नुपर्दछ।

**२९. कृषिकर्जामा पहुंचः**(१) गाउँपालिकाले कृषिलाई व्यवसाय प्रवर्धनको लागी लगानी गर्न आवश्यक पर्ने रकम विना धितो वा धितो सहित सहुलियत व्याजदरमा वा व्याज अनुदानमा प्राप्त हुनेगरी कृषिकर्जा उपलब्ध गराउन बैंक तथा वित्तिय संस्थामा सिफारिस गर्न सक्नेछ।

(२) उपदफा १ बमोजिम सिफारिस गर्दा अवलम्बन गर्नुपर्ने विषयहरू तोकिए बमोजिम हुनेछ।

**३०. कृषि बाली तथा पशुपंक्षी बीमाः** (१) गाउँपालिकाले व्यवसाय प्रर्वर्द्धन गर्न र कृषकको कृषि तथा पशुधन रक्षाका लागी विमामा थप सहुलियत प्रदान गर्न सक्नेछ।

(२) बिमा सम्बन्धी प्रचलित कानुन तथा नेपाल सरकार ,विमा समिति तथा विमा प्राधिकरणको निर्णय हरूलाई पुर्ण रूपमा लागु गर्दै गाउँपालिकाले कानुन बनाई थप विमा प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ ।

(३) विमा कार्यक्रमको प्रचार प्रसार,संचालन तथा विमा दावी भुक्तानीका लागी सम्बन्धित कृषक,गाउँपालिका र विमा कम्पनी सवैको दायित्व उत्तिकै हुने र  कुनै पनि विवाद उत्पन्न भएमा आपसि समझदारीमा हुने साथै अन्य कुराहरू तोकिए बमोजिम हुनेछ ।

**३१.कृषि व्यवसाय प्रवर्द्धन कोषको स्थापनाः** (१) गाउँपालिकाले कृषि व्यवसाय प्रवर्द्धनका लगी कृषि व्यवसाय प्रवर्द्धन कोष संचालन समिति गठन गर्नेछ ।

(२)  गाउँपालिकाले कृषि व्यवसाय प्रवर्द्धनका लगी एउटा छुट्टै कृषि व्यवसाय प्रवर्द्धन कोष स्थापना गर्न सक्नेछ , कोषमा जम्मा हुने रकम तथा कोषबाट खर्च गर्न सकिने विषयहरू संचालन सम्बन्धी कार्यविधि समिति आँफैले निर्धारण गरे बमोजिम हुने र अन्यको हकमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ९
## कृषि उत्पादनको,वर्गिकरण,भण्डारण तथा प्रशोधन सम्बन्धी व्यवस्था

**३२. कृषि उत्पादनको वर्गिकरणः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको कृषि उत्पादनलाई देहाय बमोजिम हुनेगरी वर्गिकरण गर्नेछ।

(क) अन्न वाली – सवै प्रकारका अन्न वालिहरू

(ख) तरकारी वाली- च्याउ लगायत सवै तरकारी वालिहरू

(ग) फलफुल वाली – सवै प्रकारका फललुल वालिहरू

(घ) जरेबाली- सवै प्रकारका उपभोग गर्न मिल्ने जरेबालिहरू

(ङ) तेलहन वाली- सवै किसिमका तेलहन वालिहरू।

(च) दलहन वालीः सवै किसिमका दलहन वालिहरू।

(छ) पशुजन्य उत्पादनः गाईगोरू,भैंसि,खसि,बाख्रा,बंगुर , भेंडा लगायत सवै प्रकारका घरपालुवा तथा कानूनद्वारा पाल्ने अधिकार प्राप्त पशुहरू ।

(ज) मासुजन्य उत्पादनः मानिसले खान योग्य मासु ।

(झ) दुग्धजन्य उत्पादनः सवै प्रकारका दुग्ध जन्य उत्पादनहरू।

(ञ) पंछीजन्य उत्पादनः मासु,अण्डा,बीउ तथा मलका लागी कुखुरा,हाँस,लगायतका सवैप्रकारका घरपालुवा साथै कानुननत पंक्षीपालनमा बर्जित नभएका पंक्षीहरू र रेशम खेतिका उत्पादनहरू ।

(ट) माछापालनः मासु तथा बीउ उत्पादनकालागी सबै प्रकारका माछाहरू ।

(ठ) मौरी पालनः मह तथा मौरीघार।

(ड) फुल खेतिः गाउँपालिका क्षेत्र भित्र र बाहीर आपुर्ति हुने सबै प्रकारका फुल (पुष्प) खेतिबाट उत्पादित फुलहरू।

(ढ) मसलाजन्य उत्पादनः सवै मसला जन्य बालिहरू।

(ण) जडिबुटीः निजि जग्गा तथा वन क्षेत्रबाट उत्पादन हुने सबै प्रकारका जडिबुटिहरू।

(त) काष्ठफलहरूः बदाम,ओखर,लगायतका वालिहरू।

(थ) नगदेवालीः चीया,कफी,अलैची,उखु,अम्रिसो,जुट साथै अन्य वालिहरू ।

(द) नर्सरीका उत्पादनहरूः विभिन्न विधिबाट उत्पादित सबै प्रकारका विरूवाहरू ।

**३३.कृषि उपजको भण्डारण र प्रशोधनः** (१) गाउँपालिकाले कृषि उपजहरूको भण्डारण,प्रशोधनका लागी शीत भण्डार,चिस्यान केन्द्र,संकलन केन्द्र,भण्डारण कक्ष,प्रशोधन केन्द्र लगायतका भौतिक पुर्वाधारहरू साझेदारीमा निर्माण गरी कृषक समुह सहकारीहरूको माध्ययमबाट संचालनमा ल्याउन सक्नेछ ।

(२) गाउँपालिकाले कृषिजन्य कच्चा पदार्थ तथा उत्पादनहरूको गुणस्तर , प्याकेजिङ,ब्राण्डिङ र निर्यातमा आवश्यक प्रवन्ध मिलाउन सक्नेछ।

(३) कृषि क्षेत्रलाई  बृहत्तर हितमा राखी गाउँपालिकाले तोकिए बमोजिमका अन्य कार्यहरू संचालन गर्न सक्नेछ।

**३४.कृषि बजार प्रणाली व्यवस्थापन सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र कृषि उत्पादन बिक्रिका लागि किसान र सरोकारवालासँगको परामर्शमा उपयुक्त स्थानहरूमा कृषि तथा पशुपंक्षी हाट बजार ,कृषि उपज संकलन केन्द्र स्थापना गरी कृषक समुह,सहकारी वा कृषि तथा पशुपंक्षी वजार व्यवस्थापन समिति निर्माण गरी संचालन गर्न सक्नेछ।

(२) गाउँपालिका क्षेत्रभित्र संचालन गर्न सकिने कृषि बजारहरू

(क) थोक बजार

(ख) खुद्रा बजार

(ग) हाट बजार

(घ) कृषि सहकारी संस्था कृषक समुहको संयुक्त हाटबजार

(च) कृषि उपज संकलन केन्द्र

(३) कृषि बजारहरूको संचालन तथा सेवाशुल्क तथा विक्रिवितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३५. कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिः** (१) गाउँपालिका क्षेत्र भित्र स्थापना भएका कृषि बजार तथा कृषि संकलन केन्द्रको व्यवस्थापन र अनुगमनका लागी देहाय बमोजिमको व्यवस्थापन तथा अनुगमन समिति गठन हुनेछ।

(क) उपाध्यक्ष-   संयोजक

(ख) कृषि क्षेत्र हेर्ने कार्यपालिका सदस्य- सदस्य

(ग) कृषक समुह,कृषि सहकारी र सम्बन्धित बजार व्यवस्थापन समिति अध्यक्ष- सदस्य

(घ) कृषि तथा पशुपंछी शाखा प्रमुख/ प्रतिनिधी - सदस्य

(ङ) कृषि तथा पशुपंछी शाखा प्रमुख - सदस्य सचिव

**४२. गुणस्तर निर्धारण प्रणाली अवलम्बन गर्न सकिनेः** (१) गाउँपालिका भित्र उत्पादन भएर गाउँपालिका भित्रै खपत हुने वा निर्यात हुने सवै प्रकारका कृषि उत्पादन हरूको गुणस्तर प्रमाणिकरणको व्यवस्थापन गर्न सक्नेछ।

(२) कृषि उत्पादनको गुणस्तर प्रमाणिकरण तथा सेवा शुल्क सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**४३. न्युनतम समर्थन मुल्य निर्धारण गर्न सक्नेः** –(१) गाउँपालिकाले कृषक,कृषक समुह,कृषि सहकारी वा कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा गाउँ कार्यपालिका बैठकले कृषि उपजहरूको न्युनतम समर्थन मुल्य तोक्न सक्नेछ, यसरी समर्थन मुल्य तोक्दा छिमेकि पालिका,प्रदेश तथा नेपाल सरकारको समर्थन मुल्यलाई समेत ध्यान दिनुपर्दछ ।

(२) न्युनतम समर्थन मुल्य निर्धारण सम्बन्धि मापदण्ड र सुचक गाउँकार्यपालिकाले तोकेबमोजिम वा तोकिएबमोजिम हुनेछ।

**४४.कृषि व्यापारीको दर्ता र नियमनको व्यवस्थाः** (१) कृषि व्यापारीहरूको व्यवसाय दर्ता सम्बन्धी व्यवस्था सङ्घिय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ।

(२) तोकिएको वा प्रचलित कानून र कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले दिईएको अधिकार प्रयोग गरी समितिले अनुगमन गर्नेछ,कृषि व्यापारीले समर्थन मुल्य भन्दा कम मुल्यमा कृषि उपज खरिद गर्न पाईनेछैन।

**४५.कृषि तथा पशुजन्य उत्पादनको आयात तथा निर्यातः** (१) गाउँपालिकाले कृषिजन्य बस्तुहरूको आयात तथा निर्यातका लागी शाखासँग भएको तथ्याङक वा गाउँपालिकाको तथ्याङक बमोजिम कृषि बजार व्यवस्थापन समितिलाई जानकारी गरी त्रैमासिक रूपमा गाउँकार्यपालिकामा पेश गर्नुपर्दछ।

(२) गाउँपालिका बाहीर निर्यात हुने कृषिजन्य उत्पादनहरूको निर्यातका लागी व्यवस्था मिलाउन सक्नेछ।

(३) कृषिजन्य पदार्थहरूको आयात तथा निर्यात तथा सेवा शुल्क तोकिए बमोजिम हुनेछ।

## परिच्छेद १०
## पशुपंक्षी,जलचर व्यवसाय सँग सम्बन्धित व्यवस्था

**४६.पशुपंक्षी अस्पताल स्थापना गर्न सकिनेः** गाउँपालिकालाई पायक पर्ने स्थानमा आवश्यक ल्याव र प्रविधि सहितको पशुपंक्षी अस्पताल स्थापना र संचालन गर्न आवश्यक प्रबन्ध मिलाउन सक्नेछ ।

**४७. पशुपंक्षी सेवासम्बन्धी व्यवसाय दर्ताः** (१) गाउँपालिकाले विभन्न पशुपंक्षी सम्बन्धि , एग्रोभेट ,दाना,चल्ला ,पशु बधशाला,मासु पसल,दुग्ध जन्य उत्पादन विक्रि केन्द्र, रौं तथा राडिपाखी उत्पादन तथा विक्रि केन्द्रहरू स्थापना,संचालन, नविकरण र खारेजि लगायतका विषयहरू तोकिए बमोजिम हुनेछ ।

(२) गाउँपालिकाभित्र उल्लेखित व्यवसायहरू संचालन गर्दा प्रचलित कानुन बमोजिमका सम्पुर्ण ईज्जाजत प्राप्त कागजातहरूको आधारमा कृषि बजार व्यवस्थापन तथा अनुगमन समिति तथा वडा कार्यालयको सिफारिसमा व्यवसाय दर्ता तोकिए बमोजिम गर्न सक्नेछ ।

(३) गाउँपालिकाभित्र स्थापना भएका व्यवसायहरूको समय समयमा अनुगमन गर्नुपर्ने र अनुगमन प्रतिवेदन र गाउँकार्यापालिकामा पेश गर्नुपर्ने हुन्छ, मुख्य जिम्मेवारी बजार व्यवस्थापन तथा अनुगमन समितिको हुनेछ ।

**४८.दुग्ध जन्य उत्पादनको प्रशोधन र बजारीकरणः**(१) गाउँपालिकाले दुग्ध उत्पादन तथा दुग्ध जन्य उत्पादन व्यवसायहरूको व्यवसाय अभिबृदि गर्न दुधमा प्रोत्साहन,यान्त्रिकिरण,थला सुधार ,घाँसको वेर्ना वितरण,गोठ तथा चरन क्षेत्र सुधार र दुग्ध जन्य पदार्थको प्रशोधन,भण्डारण लगायत विषयमा अनुदान तथा सहुलियत प्रदान गर्न सक्नेछ ।

(२) दुध तथा दुग्ध जन्य पदार्थको व्यवसाय बृद्धिका लागी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४९. पशुपंक्षी तथा मत्स्य व्यवसायः**–(१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भर र आम्दानीको मुख्य स्रोतको रूपमा विकास गर्न अल्पकालिन,मध्यकालिन दिर्घकालिन प्रकृतिका साथै वार्षिक स्विकृत कार्यक्रमहरू संचालन गर्ने वा तोकिए बमोजिम संचालन गर्न सक्नेछ ।

(क) गोठ खोर व्यवस्थापन तथा सुधार ।

(ख) विभिन्न समय समयमा उन्नत घाँस तथा विउ,वेर्ना,सेट्स वितरण तथा घाँसे नर्सरी स्थापना तथा चरन क्षेत्रकत्र पहिचान र चरन तथा खर्क सुधार सम्बन्धि कार्यक्रमहरू

(ग) पशुपालनका लागी दाना बनाउने ,कच्चा पदार्थ ,प्रविधि, र यान्त्रिकिकरण सम्बन्धी कार्यहरू ।

(घ) पशुपंक्षी उत्पादन र व्यवस्थापन सम्बन्धी जनचेतना तथा प्रचार प्रसारका कार्यक्रमहरू ।

(ङ) विभिन्न पशुपंक्षी व्यवसाय प्रवर्द्धन विषेयक तालिमहरू ।

(च) पशु प्रजनन (प्राकृतिक तथा कृत्रिम गर्भाधान) सँग सम्बन्धित , प्रजनन व्यवस्थापन, बन्ध्याकरण सँग सम्वन्धि कार्यक्रमहरू

(छ) पशपंक्षी व्यवसाय प्रवर्धन सँग सम्बन्धित अन्य कार्यहरू ।

(ज) पशुपंक्षी व्यवसाय प्रर्वर्धन सँग सम्बन्धित अन्य कार्यहरू ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र पशु स्वास्थ्य सँग सम्बन्धित विभन्न कार्यक्रमहरू जनसक्ति व्यवस्थापन गरी संचालन गर्न सक्ने वा तोकिए बमोजिम संचालन गर्न सक्नेछ ।

(क) पशु स्वास्थ्य तथा बाँझोपन सँग सम्बन्धित अन्य पशुपंक्षी शिविर संचालन

(ख) समस्यामा आधारित पशुपंक्षी औषधि वितरण तथा विस्तार

(ग) आन्तरिक तथा बाह्य परजिवी नियन्त्रण

(घ) विभिन्न माहामारीजन्य पशुपंक्षी रोग सम्बन्धी जनचेतना तथा प्रचार प्रसारका कार्यक्रमहरू ।

(ङ) विभिन्न माहामारीजन्य पशुपंक्षी रोग सम्बन्धी खोप व्यवस्थापन

(च) पशु उपचार ,ल्याव व्यवस्थापन तथा शल्यक्रिया सम्बन्धी कार्यहरू

(छ) विभिन्न पशुपंक्षी महामारीजन्य रोग सम्बन्धी नियन्त्रण सम्बन्धी तालिमहरू
(ज) पशु स्वास्थ सँग सम्बन्धित अन्य कार्यहरू

## परिच्छेद ११
## कृषि पर्यावरण तथा जैविक विविधता संरक्षण सम्बन्धी व्यवस्था

**५०.सिंचाईको स्रोतहरूको संरक्षणः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्राकृतिक रूपमा रहेका जलाधार,सिमसार,पानिको मुहान,पोखरी,नदिनाला,पुराना कुलाहरू,परम्परागत कुलो बाँध आदिको संरक्षण ,मर्मत सम्भार र जिर्णोद्वार गर्न सक्नेछ।

**५१.माटो परिक्षणको व्यवस्थाः** (१) गाउँपालिकाभित्र संचालित कृषि कार्यक्रम गर्दा तुलनात्मक लाभ भएका वालि वस्तुका लागी वा समय समयमा माटो परिक्षणका लागी ल्यावको स्थापना तथा माटो परिक्षण शिविर संचालन गर्न सक्नेछ।

**५२.कृषि जैविक विविधता र वातावरण संरक्षणः** (१) कृषि क्षेत्रमा जलवायु अनुकुलन तथा उत्थानशिलताका लागी उपयुक्त प्रविधि र पर्यावरण र जलवायुमैत्री दिगो कृषि प्रणालिको विकास गर्न प्राथामिकता दिनु पर्नेछ।

(२) रैथाने बालि तथा पशुपंक्षीजन्य जातहरूको संरक्षण तथा प्रवर्द्धनमा विशेष व्यवस्था गर्नुपर्दछ।

(३) गाउँपालिकालाई अर्गानिक कृषि उत्पादनको पालिकाको रूपमा विकास गर्न प्रभावकारी योजना र कार्यनिति अवलम्बन गर्नुपर्दछ ।

(४) कुनै पनि कृषि कार्य गर्दा बातावरमा प्रतिकुल असर पर्ने कार्यहरू गर्न पाईने छैन।

(५) अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

**५३. कृषि पर्यापर्यटनः** (१) गाउँपालिकाले कृषि तथा पशुपंक्षीपालन सम्बन्धी कार्यक्रम गर्दा कृषि पर्यापर्यटन विकास हुनेगरी संचालन गर्नुपर्नेछ।

(२) स्थानिय कृषि तथा पशुपंक्षी क्षेत्र सहित स्थानिय कृषि पर्यापर्यटन विकासको लागी गाउँपालिकाले साझेदारीमा स्थानिय कृषक समुह,कृषि सहकारी तथा पर्यापर्यटनको क्षेत्रमा कानुनत स्थापना भएका सघसंस्थाहरूको सहयोगमा कार्यक्रम संचालन गर्न सक्नेछ।

**५४. कृषि वन प्रणालिको विकासः** (१) गाउँपालिकाले किसानलाई पर्यावरण,जलवायु र जैविक विविधता अनुकुल हुनेगरी कृषि वन प्रणालिको विकास गर्न अनुदान लगायतका उत्प्रेरणात्मक कार्यक्रम संचालन गर्न सकिनेछ।

(२) कृषि वन संचालन गरेतापनि वन ऐन सो सम्बन्धि कानुन बमोजिम कृषि वनको निकासि पैठारी हुनेछ।

(३) गाउँपालिकाले स्थानिय वन कार्यालय तथा कृषक ,कृषक समुह लगायतको साझेदारीमा स्थानिय स्तरमा कृषि वन का लागी आवश्यक नर्सरी व्यवस्थापन गर्न सक्नेछ।

**५५. चरिचरन क्षेत्रको निर्धारण**- (१) पशुपंक्षीको विकास र जैविक खेति प्रवर्द्धनका लागी उपलब्ध भएसम्मका सार्वजनिक जग्गा,बाँझो जमिन र खर्क जग्गालाई  पशु चरिचरनका लागी उपयोगमा ल्याउनका लागी गाउँपालिकाले आवश्यक सहयोग र सहजिकरण गर्न सक्नेछ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका छाडा गाईबस्तुको नियन्त्रण र व्यवस्थापनको लागी सम्बन्धित पशुपालक किसानको सहयोग समन्वयमा गौशाला तथा कान्जी हाउसको व्यवस्था गरी छाडा बस्तुको नियन्त्रण गर्न लगाउने वा गर्न सक्नेछ।

(३) गाईबस्तु छाडा छोडेका कारण कसैको सम्पती वा कुनै वस्तु हानी नोक्सानी भएमा गाइवस्तु छाडा छोड्ने व्याक्तिले सो वापत तिर्नुपर्ने सम्बन्धि प्रकृया कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(४) गाउँपालिकाले कार्यनितिनै बनाई स्थानिय खर्क हरूको पहिचान तथा खर्क सुधार निति तथा सामुदायिक तथा सरकारी खालि जग्गाहरूलाइ पनि अनुमति लिइ चरन तथा घाँस उत्पादन क्षेत्र वनाउन सक्नेछ।

**५६.हानिकारक वन्यजन्तुको व्यवस्थापन**:(१) गाउँपालिकाले वनमा पानि पोखरी निर्माण,वन क्षेत्रमा वन्यजन्तुमैत्री फलफुल,रूख विरूवाको संरक्षण र व्यवस्थापन ,वन डढेलो नियन्त्रण जस्ता कार्यक्रम गरी वन्यजन्तुलाई वनमै बस्ने वातावरण सृजना गर्नेछ ।

(२) वन्यजन्तुबाट हुने कृषि बालि तथा पशुधनको क्षतिपुर्ति गराउनका लागी गाउँपालिकाले वार्षिक रूपमा वजेट विनियोजन गरी कार्यक्रम गर्न सक्नेछ ।

## परिच्छेद १२
## कृषि सम्बन्धी गुनासो व्यवस्थापन

**५७.गुनासो व्यवस्थापन**: (१) गाउँपालिकामा यस ऐनको कार्यानवयनको लागी कुनै गुनासो उत्पन्न भएमा सुनुवाई गर्न एक गुनासो सुन्ने अधिकारी तोक्न सक्नेछ ।

(२) उपदफा १ बमोजिमको व्याक्तिले गुनासो दर्ता गरी राख्नु पर्नेछ ।

(३) गुनासो सुनुवाई तथा व्यवस्थापनका लागी गाउँपालिकामा कृषि गुनासो सुनुवाई व्यवस्थापन समिति गठन हुनेछ ।

(क) अध्यक्ष- संयोजक

(ख) कृषि क्षेत्र हेर्ने कार्यपालिका सदस्य- सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत- सदस्य

(घ) सम्बन्धित वडा अध्यक्ष-सदस्य

(ङ) गुनासो सुन्ने अधिकारी- सदस्य सचिव

**५८.ऐन कार्यान्वयनको जिम्मेवारी**: (१) यस ऐनको कार्यान्वयन गर्ने जिम्मेवारी कार्यपालिका,वडा कार्यालय,विभिन्न समिति,सम्बन्धित शाखा, विभन्न समिति,किसान,कृषक समुह,पशुपालन समुह,कृषि सहकारी ,पशुपालन सहाकारी,सेवा प्रदायक,कृषि सरोकारवाला निकाय,कृषि व्यवसायी तथा सम्बन्धित सबै प्रतिनिधि र कर्मचारीको हुनेछ ।

(२) ऐनमा भएको व्यवस्था परिपालना गर्नु सबैको कर्तव्य हुनेछ ।

(३) ऐन कार्यान्वयनका लागी विभिन्न समयमा निगरानी,अनुगमन गर्न आवश्यक व्यवस्था मिलाउने ।

**५९.अन्तर स्थानिय तह तथा समन्वय**: (१) नेपाल सरकारवाट र प्रदेश सरकारवाट संचालन गरिने कृषि तथा पशुपंक्षी सम्बन्धी कार्यक्रममा गाउँपालिकाले अनिवार्य समन्वय,रिपोर्टिङ तथा प्रगति प्रेषण गर्नुपर्दछ ।

(२) गाउँपालिकाले संचालन गर्ने कार्यक्रमहरूको सकेसम्म दोहोरोपना हुन नदिन सबै अन्तर स्थानिय तह तथा निकाय संग समन्वय गरी बजेट तर्जुमा गर्नुपर्दछ ।

**६०.बाह्य सहयोग लिने**: नेपाल सरकार तथा प्रदेश सरकारको अनुमति लिई गाउँपालिकाले आफ्नो क्षेत्रमा कृषि विकासको लागी बैदेशिक सहयोग परिचालन गर्न सक्नेछ ।

**६१. कृषक पेन्सन कार्यक्रम संचालन गर्न सक्ने**: गाउँपालिकाले कृषक पेन्सन कार्यक्रम संचालन सवै निकायको सहयोगमा संचालन गर्न सक्नेछ , सो सम्बन्धि अन्य व्यवस्था कानूनमा तोकिए बमोजिम हुनेछ ।

**६२. कृषि वा कृषक पुरस्कार**: (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका पौरखी किसान र कृषि विकासमा उल्लेखनिय योगदान गर्ने विभिन्न व्याक्ति,कर्मचारी तथा संघ संस्थालाई पारदर्शी र निष्पक्ष मुल्याङकनका आधारमा प्रत्येक वर्ष कार्यपालिकाले निर्धारण गरे बमोजिम कृषक सम्मान पुरस्कार प्रदान गर्न सक्नेछ ।

(२) उपदफा(१) बमोजिमको पुरस्कारका लागि सिफारिस गर्न कार्यपालिकाले एक सिफारिस समिति गठन गर्नेछ र उक्त समितिले मुल्याङकनका मापदण्ड बनाई सोही आधारमा सिफारिस गर्नुपर्नेछ ।

**६३. दण्ड सजाय** (१) देहाय बमोजिमका र यस्तै प्रकृतिका कसुरको अनुसन्धान तथा तथाकथित मुद्धा र दण्ड सजाय सम्बन्धी व्यवस्था उपभोक्ता संरक्षण ,वातावरण संरक्षण र बीउ बीजन लगायतका प्रचलित संघिय कानून र प्रदेश कानुनमा तोकिए बमोजिम हुनेछ ।

**६४.अधिकार प्रत्यायोजन गर्न सकिने**: यस ऐन बमोजिम कार्यपालिकालाई प्राप्त अधिकार कुनै विषयगत समिति वा अध्यक्षलाई प्रत्यायोजन गर्न सकिनेछ।

**६५. नियामावली,निर्देशिका वा कार्यविधि बनाउन सक्ने**: यस ऐनमा गरिएका व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागी कार्यपालिकाले ,नियमावली,निर्देशिका,कार्यविधि, मापदण्ड, आदि बनाउन सक्नेछ।

**६६. खारेजी**: फालेलुङ गाउपालिकाको कृषि व्यवसाय प्रवर्द्दन ऐन, २०७५ खारेज गरिएको छ।

## अनुसूची –१
## दफा २ को खण्ड (च) सँग सम्बन्धित

(१) खाद्यान्न बाली,

(२) वागवानी जन्यः फलफुल, तरकारी, मसलाबाली, पूष्प

(३) पशु ,पंक्षी, पशुपंक्षी प्रजनन

(४) माछा, मासु, दुध, फुल, हाड, छाला, ऊन

(५) च्याउ,

(६) मौरी, रेशम

(७) चिया, कफी, अलैची, सुपारी, घाँसेवाली

(८) तेलहन, दलहन

(९) कपास, जुट, उखु, रबरखेती, टिमुर

(१०) कृषि पर्यटन

(११) कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र सो शब्दले औधोगिक प्रयोजनमा हुने कृषि वस्तुहरु

(१२) कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग

(१३) कृषि तथा पशुजन्य उत्पादन सामाग्री (दाना, मलखाद्य, विषादी, औषधी) आदिको प्रशोधन उद्योग

(१४) खेती प्रणालीमा समाबिष्ट कृषि तथा पशुजन्य बस्तुहरु ।

## अनुसूची- (२)
## दफा १६ सँग सम्बन्धित

(क) करारका पक्षहरू,
(ख) करार खेतीको क्षेत्र,
(ग) जग्गा र भौतिक साधन,
(घ) वस्तुको विवरण, मात्रा,
(ङ) गुणस्तर,
(ङ) सम्झौताको अवधि,
(च) उत्पादन गरिने वस्तुको खरिद÷बिक्री मूल्य,
(छ) भुक्तानीको प्रक्रिया,
(ज) ढुवानीको दायित्व,
(झ) उत्पादन प्रक्रिया,
(ञ) अनुगमनका पक्षहरू,
(ट) काबु बाहिरको परिस्थितिबाट उत्पादनमा पर्न सक्ने असर र त्यसको दायित्व,
(ठ) गुणस्तर निर्धारणका आधारहरू,
(ड) पक्षहरूले एक अर्कालाई उपलब्ध गराउने सेवा तथा सुविधा,
(ढ) करारको पालनामा विवाद भएमा अपनाइने समाधानका उपाय जस्तै मेलमिलाप तथा मध्यस्थता लगायतका विषय वस्तुहरू आदि।
(ण) कृषि उपजको मूल्य निर्धारण सम्वन्धी व्यवस्था।